नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
तम्घास, गुल्मी

फोन नं.: ०७९-५२०५५१, ०७९-५२१०९०
९८५७०७७५५१, ९८५७०६७७६९
इमेल: pmamp.piu.gulmi@gmail.com
Website: piugulmi.pmamp.gov.np

पत्र संख्याः २०८२/८३

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः-२०८२।०५।१५**

**सूचना नं: ३**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, गुल्मीको चालु आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** सञ्चालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात् (मिति २०८२।०६।०५ गते भित्र) यस कार्यक्रम कार्यान्वयन एकाइमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

<u>तपसिल</u>

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | जिल्लाभरि | प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैंयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

**कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु तथा क्रियाकलापहरु :**

कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारका बाली/वस्तु तथा मूल्य-शृङ्खला क्षेत्रहरुमा सञ्चालन गरिनेछः-

(क) तरकारीको व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण,

(ख) तरकारीको बीउ- बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण,

(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात,

(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,

(ङ) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण,

(च) अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण,

(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन,

रमेश जैसवाल
वरिष्ठ कृषि अधिकृत

फोन नं.: ०७९-५२०५५१, ०७९-५२१०९०
९८५७०७७५५१, ९८५७०६७७६९
इमेल: pmamp.piu.gulmi@gmail.com
Website: piugulmi.pmamp.gov.np

पत्र संख्या: २०८२/८३

(ज) जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण,

(झ) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण,

(ञ) बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय,

(ट) फलफूल प्रशोधन र बजारीकरण,

(ठ) खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन,

(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण,

(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन,

(ण) घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय,

(त) प्राङ्गारिक कृषि बस्तु निर्यात,

(थ) व्यावसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन,

(द) जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण।

**निवेदन साथ संलग्न कागजातहरु:**

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइ मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिस पत्र।

थप जानकारीका लागि **सम्पर्क नं.: ०७९-५२१०९०, ०७९ ५२०५५१, ९८५७०७७५५१, ९८७५०६७७६९**

रमेश जैसवाल
वरिष्ठ कृषि अधिकृत